"सुशासनका लागि पारदर्शिता, जिम्मेवारी र जवाफदेहिता"

उदयपुरगढी गाउँपालिका

आर्थिक बर्ष २०८०/०८१ को दोश्रो चौमासिक अवधिको

सार्वजनिक सुनुवाई कार्यक्रम

प्रतिवेदन(Report)






सहजीकरण

मूलधार महिला सेवा केन्द्र(मासवेस)

गाईघाट, उदयपुर

आयोजक

उदयपुरगढी गाउँपालिका

उदयपुर

बिषय सूची

क्र.सं.	विवरण	पाना नं.
१	परिचय	
२	उद्देश्य	
३	सहजीकरण गर्ने संस्था र व्यक्तिहरु	
४	सम्पन्न क्रियाकलापहरुको कार्यतालिका	
५	सम्पन्न क्रियाकलापहरु	
६	सार्वजनिक सुनुवाईका क्रममा उठेका प्रश्न, जिज्ञासा र उत्तर	
७	सार्वजनिक सुनुवाईका क्रममा प्राप्त सुझावहरु	
८	सार्वजनिक सुनुवाईको क्रममा जोहर भएका प्रतिवद्धताहरु	
अनुसूची १	सार्वजनिक सुनुवाईको आचारसंहिता	
अनुसूची २	कार्यक्रमका फोटोहरु	
अनुसूची ३	:सार्वजनिक सुनुवाईमा प्रस्तुत गाउँपालिकाको दोश्रो चौमासिक प्रतिवेदन	
अनुसूची ४	नागरीक प्रतिवेदन पत्रको दोश्रो चौमासिक प्रतिवेदन	
अनुसूची ५	बहिर्गमन अभिमत पत्रको दोश्रो चौमासिक प्रतिवेदन	
अनुसूची ६	सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थितिको प्रतिलिपी	

कार्यक्रमको प्रतिवेदन

१. परिचय :

स्थानीय तहको सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन नीति, योजना तथा कार्यक्रमको कार्यान्वन प्रक्रिया, प्राप्त उपलब्धी र त्यसले पारेको प्रभावको मूल्यांकन गरी नीति योजना तथा सेवा प्रवाह प्रक्रियामा सुधार गर्न, सार्वजनिक कोषको अत्युत्तम परिचालन गरी अपेक्षित उद्देश्य प्राप्तीको सुनिश्चितता गर्न र जनप्रतिनिधि तथा कर्मचारीहरुलाई थप जिम्मेवार बनाई सार्वजनिक जवाफदेहिता अभिवृद्धि गर्न प्रयोग गरिने सुशासनका विभिन्न औजारहरु मध्ये सार्वजनिक सुनुवाई पनि एक हो । सार्वजनिक सुनुवाई कार्यक्रम पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्ने एक उपयुक्त माध्यम हो ।

स्थानीय तहबाट संचालीत विकास निर्माणका कार्यक्रमहरु, उपलब्ध सेवाहरु, वस्तु र सुविधाहरु सार्वज़निक गरी त्यस्ता विषयका सम्बन्धमा सार्वजनिक थलोमा सेवाग्रही नागरीकले उठाएका प्रश्न तथा जिज्ञासाहरुमा स्पष्टता ल्याउने र नागरीबाट प्राप्त रचनात्मक सुझावहरुलाई ग्रहण गरी जिम्मेवार संस्कार बसाउन गरिने प्रक्रियालाई सार्वजनिक सुनुवाई भनिन्छ ।

उदयपुरगढी गाउँपालिकाले प्रत्येक आर्थिक बर्षमा तेश्रो पक्षको सहजीकरणमा आयोजना गर्दै आईरहेको को सार्वजनिक सुनुवाई कार्यक्रमलाई अझ प्रभावकारी बनाउन गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७९ अधिनमा रही मूलधार महिला सेवा केन्द्र(मासवेस) उदयपुरको सहजीकरणमा आर्थिक बर्ष २०८०।०८१ को दोश्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको छ ।

उदयपुरगढी गाउँपालिकाले आर्थिक बर्ष २०८०।०८१ को दोश्रो चौमासिक अवधिमा संचालन गरेका विभिन्न विकास निर्माणका कार्यहरु र प्रवाह गरेका सेवा सुविधाहरुको भौत्तिक तथा वित्तिय प्रगति बारे सार्वजनिक रुपमा जानकारी गराउदै उक्त कार्यक्रम तथा सेवा प्रवाह प्रति नागरीक तथा सेवाग्राहीहरुको सन्तुष्टी तथा असन्तुष्टीको लेखाजोखा गर्दै र नागरीकहरुको प्रश्न, जिज्ञासा तथा सुझावहरु बारे दोहोरो तथा प्रत्यक्ष संवाद गरी आगामी दिनमा अझ प्रभावकारी सेवा प्रवाह गर्न प्रतिवद्धता जनाउदै सम्पन्न गरिएको उक्त कार्यक्रम अन्तर्गत संचालन गरिएका क्रियाकलापहरु, अपनाईएका विधि र प्रक्रियाहरुका साथै प्राप्त उपलब्धीहरुलाई यस प्रतिवेदनमा समावेश गरिएको छ ।

२. उद्देश्य :

उदयपुरगढी गाउँपालिकाबाट संचालित विकास निर्माणका कार्यहरु, प्रवाह गरिएका सेवा सुविधाहरुको चौमासिक रुपमा सार्वजनिकीकरण गर्दै नागरीक प्रतिवेदन पत्र, वहिर्गमन अभिमत र नागरीकका प्रश्न, जिज्ञासा तथा सुझावहरुको सार्वजनिक स्थलमा प्रत्यक्ष संवादद्धारा सुनुवाई गरी सम्बन्धीत विषयमा स्पष्टता ल्याउने र प्राप्त सुझावहरु ग्रहण गरी आगामी दिनमा कार्यान्वयन गर्ने प्रतिवद्धताजनाउने जिम्मेवार र जवाफदेहि संस्कार बसाउने उद्देश्यले यस कार्यक्रमको आयोजना गरिएको हो ।

३. सहजीकरण गर्ने संस्था र व्यक्तिहरु :

सहजीकरण गर्ने संस्थाको नाम : मूलधार महिला सेवा केन्द्र(मासवेस), उदयपुर

सहजीकरण गर्ने व्यक्ति : ललित शाह, चण्डेश्वर श्रेष्ठ

सहजीकरण सहयोगी : केशव नेपाल

४. सम्पन्न क्रियाकलापहरुको कार्यतालिका :

सि.नं.	क्रियाकलाप	स्थान	मिति	कार्यान्वयनकर्ता
१	सार्वजनिक सुनुवाई बारे निर्णय र सूचना प्रवाह	उदयपुरगढी गाउँपालिका भरी		उदयपुरगढी गाउँपालिका

२	नागरीक प्रतिवेदन पत्र र वर्हिगमन अभिमत संकलन	गाउँपालिका कार्यालय र ८ वटै वडाहरुमा	२०८०।१२।१९ देखि २०८०।१२।२२ सम्म	ललित शाह, चण्डेश्वर श्रेष्ठ र केशव नेपाल
३	नागरीक प्रतिवेदन पत्र र वर्हिगमन अभिमतको तथ्यांक तालिकिकरण र प्रतिवेदन तयारी	मासवेस संस्थाको कार्यालय	२०८०।१२।२३ देखि २०८०।१२।२६ सम्म	ललित शाह र चण्डेश्वर श्रेष्ठ
४	दोश्रो चौमासिक प्रतिवेदन तयारी	गाउँपालिकाको कार्यालय, उदयपुरगढी	२०८०।१२।२३ देखि २०८०।१२।२६ सम्म	गाउँपालिकाको योजना शाखा
५	सार्वजनिक सुनुवाई कार्यक्रम	उदयपुरगढी गाउँपालिका वडा नं. ५ स्थित कवर्डहल	२०८०।१२।२७ गते	आयोजक : उदयपुरगढी गाउँपालिका र सहजीकरण : मासवेस उदयपुर
६	समग्र कार्यक्रमको प्रतिवेदन तयारी	मासवेस संस्थाको कार्यालय	२०८०।१२।२८ देखि २०८१।०१।०७ सम्म	ललित शाह

५. सम्पन्न क्रियाकलापहरु :

५.१ सार्वजनिक सुनुवाई बारे निर्णय :

उदयपुरगढी गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७९ अनुसार आर्थिक बर्ष २०८०।०८१ को दाश्रो चौमासिकको सार्वजनिक सुनुवाई मिति २०८० साल चैत्र २७ गतेका दिन गर्ने/गराउने विषयमा उदयपुरगढी गाउँपालिकाको कार्यपालिका बैठकबाट निर्णय गरियो ।

५.२ सार्वजनिक सुनुवाई बारे सूचना प्रवाह :

गाउँपालिकाको निर्णय अनुसार तोकिएको मिति, स्थान र समयमा दोश्रो चौमासिक सार्वजनिक सुनुवाईलाई सभ्य, भव्य र प्रभावकारी रुपमा सम्पन्न गर्नका लागि सरोकारवाला, सेवाग्राही र नागरीकहरुको ब्यापक सहभागिता गराउन गाउँपालिकाको वेभसाईट, फेसबुक पेज, म्यासेज, सूचनापाटी र वडा वडामा मौखिक प्रचारप्रसारको माध्यमबाट ब्यापक रुपमा सूचना प्रवाह गरियो ।

५.३ नागरीक प्रतिवेदन पत्र(Citizen Report Card) संकलन :

गाउँपालिकाले संचालन गरेको योजना तथा कार्यक्रम र प्रवाह गरिरहेको सेवा सुविधाहरु प्रति सेवाग्राही तथा नागरीकहरुको सन्तुष्टी तथा असन्तुष्टीहरुको लेखाजोखा गर्न उदयपुरगढी गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७९ मा तोकिएको ढाँचा अनुसारको प्रश्नावली तयार गरी गाउँपालिकाको कार्यालयका साथै ८ वटै वडा कार्यालयहरुमा गई कार्यालयमा उपस्थित ५१ जना सेवाग्राही तथा नागरीकहरुबाट प्रतिवेदन संकलन गरियो ।

मिति २०८० साल चैत्र १९ गते देखि २२ गतेसम्म मूलधार महिला सेवा केन्द्र(मासवेस) उदयपुरका सहजकर्ता ललित शाह, चण्डेश्वर श्रोष्ठ र सहयोगी केशव नेपालद्धारा संकलन गरिएको नागरीक प्रतिवेदन पत्रमा सहभागी सेवाग्राही तथा नागरीकहरुको विवरण यस प्रकार रहेकोछ ।

तालिका नं. १ : नागरीक प्रतिवेदन पत्रमा सहभागी सेवाग्राही नागरीकहरुको संख्या

वडा नं.	महिला	पुरुष	जम्मा	खस आर्य	जनजाति	दलित	अन्य
१	५	५	१०	४	२	४	०

२	५	४	९	७	२	०	०
३	१	३	४	२	१	१	०
४	२	२	४	०	४	०	०
५	२	३	५	२	३	०	०
६	१	६	७	२	१	३	१
७	१	३	४	०	३	१	०
८	३	२	५	४	०	१	०
गाउँपालिका	१	२	३	०	२	१	०
	२१	३०	५१	२१	१८	११	१

नागरीक प्रतिवेदन पत्र(CRC) को विस्तृत प्रतिवेदन अनुसूची ३ मा उल्लेख गरिएको छ ।

५.४ वर्हिगमन अभिमत(Exit Poll) संकलन :

गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुमा उपस्थित सेवाग्राही तथा नागरीकहरुको गाउँपालिकाले संचालन गरेको योजना तथा कार्यक्रम र प्रवाह गरिरहेको सेवा सुविधाहरु प्रतिसन्तुष्टी तथा असन्तुष्टीहरुको लेखाजोखा गर्न साथै गुनासो र सुझावहरु संकलन गर्न उदयपुरगढी गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७९ मा तोकिएको ढाँचा अनुसारको प्रश्नावली तयार गरी गाउँपालिकाको कार्यालयका साथै ८ वटै वडा कार्यालयहरुमा गई कार्यालयबाट सेवा लिई फर्किरहेका ५० जना सेवाग्राही तथा नागरीकहरुबाट प्रतिवेदन संकलन गरियो ।

मिति २०८० साल चैत्र १९ गते देखि २२ गतेसम्म मूलधार महिला सेवा केन्द्र(मासवेस) उदयपुरका सहजकर्ता ललित शाह, चण्डेश्वर श्रेष्ठ र सहयोगी केशव नेपालद्धारा संकलन गरिएको वहिर्गमन अभिमतमा सहभागी सेवाग्राही तथा नागरीकहरुको विवरण यस प्रकार रहेकोछ ।

तालिका नं. २ : वर्हिगमन अभिमतमा सहभागी सेवाग्राही नागरिकहरुको संख्या

वडा नं.	महिला	पुरुष	जम्मा	खस आर्य	जनजाति	दलित	अन्य
१	५	५	१०	४	२	४	०
२	५	४	९	७	२	०	०
३	१	३	४	२	१	१	०
४	२	२	४	०	४	०	०
५	२	३	५	२	३	०	०
६	२	४	६	१	१	३	१
७	१	३	४	०	३	१	०
८	३	२	५	३	१	१	०
गाउँपालिका	१	२	३	०	२	१	०
जम्मा	२२	२८	५०	१९	१९	११	१

वहिर्गमन अभिमत(Exit Poll) को विस्तृत प्रतिवेदन अनुसूची ४ मा उल्लेख गरिएको छ ।

५.५ तथ्यांक तालिकीकरण र प्रतिवेदन तयारी :

उदयपुरगढी गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७९ मा तोकिएको ढाँचा अनुसारको प्रश्नावलीको आधारमा संकलन गरिएको नागरीक प्रतिवेदन पत्र(CRC) र वहिर्गमन अभिमत(Exit Poll) बाट प्राप्त सूचना तथा तथ्यांकहरुलाई कम्प्यूटरमा तालिकिकरण र विश्लेषण गरी मूलधार महिला सेवा केन्द्र(मासवेस) उदयपुरका सहजकर्ता ललित शाह र चण्डेश्वर श्रेष्ठको सक्रियतामा अन्तिम प्रतिवेदन तयार गर्ने काम सम्पन्न गरियो ।

५.६ दोश्रो चौमासिक प्रतिवेदन तयारी :

द्योश्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गर्नका लागि उदयपुरगढी गाउँपालिकाद्धारा आर्थिक बर्ष २०८०।०८१ को दोश्रो चौमासिक अवधिमा संचालन गरिएका योजना तथा कार्यक्रम र प्रवाह गरिएका सेवा सुविधाहरुको भौत्तिक तथा वित्तिय अवस्थाको विश्लेषण साथ गाउँपालिकाको विभिन्न शाखाहरुको सहभागीता र योजना शाखाको अगुवाईमा दोश्रो चौमासिक प्रतिवेदन तयार गर्ने काम सम्पन्न गरियो ।

५.७ सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना :

पूर्व निर्धारीत कार्यक्रम अनुसार उदयपुरगढी गाउँपालिकाको आयोजना र मूलधार महिला सेवा केन्द्र(मासवेस) उदयपुर संस्थाको सहजीकरणमा मिति २०८० साल चैत्र २७ गतेका दिन उदयपुरगढी गाउँपालिकाको वडा नं ५ स्थित नवनिर्मित कवर्ड हलमा दिउसो १२ बजेबाट सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरियो ।

गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वडा सदस्यहरु, शाखा प्रमुखहरु, कर्मचारीहरुका साथै राजनीतिक दलहरुको प्रमुख तथा प्रतिनिधिहरु, पत्रकार तथा संचारकर्मीहरु, उपभोक्ता समिति, टोल विकास संस्थाहरुका प्रमुख तथा प्रतिनिधिहरु, बालबालिकाहरु र सेवाग्राही तथा नागरीक समाजका अगुवाहरु गरी निम्न वमोजिम ८२ जनाको उपस्थितिमा निम्न अनुसारको कार्यतालिका वमोजिम सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरियो ।

तालिका नं. ३ : सार्वजनिक सुनुवाई कार्यक्रमको सहभागीहरुको संख्या :

महिला	पुरुष	जम्मा	खस आर्य	जनजाति	दलित	अन्य
१९	६३	८२	३१	३९	७	५

सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यतालिका :

क्रियाकलाप	मुख्य जिम्मेवारी
कार्यक्रमको पूर्व तयारी	उदयपुरगढी गाउँपालिकाका शाखा प्रमुखहरु, कार्यालय सहयोगीहरु र मासवेस उदयपुरका सहजकर्ता तथा सहयोगीहरु
उपस्थिति	मासवेस उदयपुरका केशव नेपाल
स्टेशनरी वितरण	मासवेस उदयपुरका केशव नेपाल
कार्यक्रम संचालन	उदयपुरगढी गाउँपालिकाका योजना शाखा प्रमुख गुणराज श्रेष्ठ
अध्यक्षता	मान बहादुर केप्छाकी मगर, अध्यक्ष, उदयपुरगढी गाउँपालिका
कार्यक्रमको उद्देश्य बारे प्रकाश र स्वागत मन्तब्य	जित बहादुर खड्का, उपाध्यक्ष, उदयपुरगढी गाउँपालिका
आचारसंहिता बारे जानकारी	मासवेस उदयपुरका सहजकर्ता चण्डेश्वर श्रेष्ठ
गाउँपालिकाको आ.ब. २०८०।०८१ को दोश्रो चौमासिक प्रतिवेदन प्रस्तुत	उदयपुरगढी गाउँपालिकाका योजना शाखा प्रमुख गुणराज श्रेष्ठ
नागरीक प्रतिवेदन पत्र सम्बन्धी प्रतिवेदन प्रस्तुती	मासवेस उदयपुरका सहजकर्ता ललित शाह
वहिर्गमन अभिमत सम्बन्धी प्रतिवेदन प्रस्तुती	मासवेस उदयपुरका सहजकर्ता ललित शाह

सहभागीहरुबाट लिखित तथा मौखिक प्रश्न संकलन	मासवेस उदयपुरका सहजकर्ता चण्डेश्वर श्रेष्ठको सहजीकरणमा
ब्यक्त प्रश्न, जिज्ञासा, सुझावको टिपोटकर्ताबाट टिपोट	मासवेस उदयपुरका सहजकर्ता ललित शाह
जिम्मेवार पदाधिकारी तथा कर्मचारीहरुबाट जिज्ञासाहरुमा जवाफ र स्पष्टता	शाखा प्रमुखहरु, प्राविधिक, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका उपाध्यक्ष र गाउँपालिका अध्यक्षबाट
जिम्मेवार पदाधिकारी तथा कर्मचारीहरुबाट ब्यक्त जिज्ञासाहरुमा जवाफ र स्पष्टताहरुको टिपोटकर्ताबाट टिपोट	मासवेस उदयपुरका सहजकर्ता ललित शाह
थप जिज्ञासाको आहवान	मासवेस उदयपुरका सहजकर्ता चण्डेश्वर श्रेष्ठको सहजीकरणमा
थप जिज्ञासामा जवाफ र स्पष्टता	शाखा प्रमुखहरु, प्राविधिक, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका उपाध्यक्ष र गाउँपालिका अध्यक्षबाट
थप जिज्ञासा र जवाफको टिपोट	मासवेस उदयपुरका सहजकर्ता ललित शाह
धन्यवाद र समापन	मान बहादुर केप्छाकी मगर, अध्यक्ष, उदयपुरगढी गाउँपालिका

५.८ समग्र कार्यक्रमको प्रतिवेदन तयारी :

उदयपुरगढी गाउँपालिकाको आ.ब. २०८०।०८१ को दोश्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाईका लागि भएको निर्णय, सूचना प्रवाह, नागरीक प्रतिवेदन पत्र संकलन, वहिर्गमन अभिमत संकलन, सूचना तथा तथ्यांक तालिकीकरण र विश्लेषण, प्रतिवेदन तयारी र सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना लगायतका सम्पूर्ण क्रियाकलापहरुको यथार्थ विवरणहरुको संगालोको रुपमा यो समग्र प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनले गाउँपालिकाको सुशासन प्रर्वद्धनमा महत्वपूर्ण मार्गदर्शन गर्नेछ भने आगामी चौमासिकको सार्वजनिक सुनुवाई सम्मको प्रगतिको तुलनात्मक मूल्यांकन गर्न सहयोग पुग्नेछ ।

६. सार्वजनिक सुनुवाईका क्रममा उठेका प्रश्न, जिज्ञासा र उत्तर :

क्र. सं.	प्रश्न,गुनासो तथा सुझावकर्ताको नाम थर र ठेगाना	प्रश्न, गुनासो तथा सुझाव	जवाफदिने पदाधिकारीको नाम थर, पद र ठेगाना	जवाफको छोटकरी व्यहोरा
१	खेद बहादुर आले वडा नं.१	वडा नं. १ र ७ को झोलुङ्गे पुलको योजना अघिल्लो बर्षमै सम्पन्न भईसक्दा पनि अहिले सम्म पनि भुक्तानी किन भएन ?	गाउँपालिका अध्यक्ष मान ब. केप्छाकी	प्रदेश सरकारको भौत्तिक पूर्वाधार मन्त्रालयबाट रकम निकासा नभएकोले केही ढीलो हुन गएको हो ।
		सार्वजनिक सुनुवाई वडास्तरमा पनि हुनुपर्ने ।	गाउँपालिका उपाध्यक्ष जीत बहादुर खड्का	वडाको बार्षिक कार्यक्रममा सार्वजनिक सुनुवाई राख्न सकिन्छ ।
		विद्यालयहरुको स्थानीय विदालाई व्यवस्थित गर्नुपर्ने ।	शिक्षा शाखा	सट्टा विदा शिक्षकहरुले लिन पाउने ब्यवस्था छैन र स्थानीय विदा पनि

				तोकिए भन्दा बढी गरेको भए जानकारी आएमा आवश्यक कार्यवाही गरिनेछ ।
		कृषि र पशुको योजना दर्ता भएको फर्मलाई मात्र किन ? सर्वसाधारण किसानहरुलाई किन नदिईएको ।	कृषि शाखा	दर्ता भएको फर्म, समूह र सहकारीलाई मात्र कार्यक्रम दिनसकिने व्यवस्था छ ।
२	यम्वर बहादुर खत्री ने.क.पा. एमाले पालिका अध्यक्ष	नेपालटार उदयपुरगढी बाटो कालोपत्रे गर्ने सम्बन्धमा के कस्तो काम भईरहेको छ ?	गाउँपालिका उपाध्यक्ष जीत बहादुर खड्का	राजनीतिक दलहरुबाट प्राप्त सुझाव र डिपिआरका आधारमा ३ खण्डमा ठेक्का लागि काम धमाधम भईरहेको छ ।
		जनप्रतिनिधिहरु समस्याहरुसंग टाढा भाग्ने होईन, फेस गरेर जानु पर्दछ ।		हामी समस्याबाट टाँढा भागेका छैनौ, श्रोतसाधनले भ्याएसम्म समस्याको समाधान गर्ने प्रयासहरु गरिरहेका छौं ।
		जुन व्यक्तिले सीपमूलक तालिम गरेका छन सोही व्यक्तिहरुलाई आयआर्जनको काममा लगानी गर्नुपर्छ ।		वित्तिय संस्था र सहकारी संस्थाहरुले ऋण लगानी गर्दा सीप प्राप्त गरेका व्यक्तिहरुमा लगानी गर्न हामी निर्देशन गर्नेछौं ।
		उपभोक्ता समितिमा दोहोरोपना देखिएको छ यो हटाउनुपर्छ ।		उपभोक्ता समितिहरुलाई अभिमूखिकरण गरिनेछ ।
		हामी जनताले दिएको सुझावको कार्यान्वयन हुनुपर्दछ ।		जनताको गुनासो र सुझावहरुलाई शिरोधार्य गरी कामगरिरहेका छौं ।
३	नवराज कार्की वडा नं. ८	वनजंगलको अतिक्रमण नियन्त्रण गर्न पालिकाको पहल के छ ?	गाउँपालिका उपाध्यक्ष जीत बहादुर खड्का	सिमा विवाद र वनजंगल अतिक्रमण सम्बन्धी समस्या समाधानका लागि वन उपभोक्ता समिति, वन कार्यालय र छिमेकी पालिकाहरुसंग आवश्यक समन्वय गरिनेछ ।
		शिक्षकहरुको दरबन्दीको वैज्ञानीक व्यवस्थापन गर्नुपर्ने । शिक्षकहरु कम्तीमा पनि ३ बर्षसम्म एउटै विद्यालयमा पढाउनुपर्ने व्यवस्था गर्नुपर्छ ।	शिक्षा शाखा	दरबन्दी मिलानको क्रममा शिक्षकहरुको समुचित व्यवस्थापन गर्न सकिन्छ ।

७. सार्वजनिक सुनुवाईका क्रममा प्राप्त सुझावहरु :

(क) शिक्षा क्षेत्रमा देखिएकों विकृतिहरु हटाउन विशेष पहल गर्नुपर्ने ।

(ख) उपभोक्ता समिति गठनगर्दा देखिएको दोहोरोपना हटाउनु पर्ने ।

(ग) टोल विकास संस्थाहरुलाई विकासको काममा बढीसेबढी परिचालन गर्नुपर्ने ।

(घ) नेपालटार उदयपुरगढी सडकको कामलाई तिब्रगतिमा अगाडि बढाउनुपर्ने ।

(ङ) वडास्तरमा पनि सार्वजनिक सुनुवाईको कार्यक्रम गर्नुपर्ने ।

(च) सार्वजनिक सुनुवाई कार्यक्रमको बारेमा ब्यापक सूचना प्रवाहगरी बढीसेबढी सहभागीता गराउनुपर्ने ।

८. सार्वजनिक सुनुवाईका क्रममा जाहेर भएका प्रतिवद्धताहरु :

(क) शिक्षा र स्वास्थ्य क्षेत्रलाई अझ ब्यवस्थित र प्रभावकारी बनाईनेछ ।

(ख) उपभोक्ता समितिहरुलाई अभिमूखीकरण गरी दोहोरोपना हटाईनेछ ।

(ग) वडास्तरमा पनि सार्वजनिक सुनुवाई कार्यक्रम राख्न उत्प्रेरीत गरिनेछ ।

(घ) सार्वजनिक सुनुवाई कार्यक्रमको बारेमा अझबढी प्रचारप्रसार र सूचनाप्रवाह गरिनेछ ।

(ङ) टोल विकास संस्थाहरुको क्षमता विकास गरी विकासको काममा परिचालन गरिनेछ ।

अनुसूची १ :

सार्वजनिक सुनुवाईको आचारसंहिता

"सुशासनका लागि पारदर्शिता, जिम्मेवारी र जवाफदेहिता"

उदयपुगढी गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७९


अनुसूची- २२


(दफा ५५ को उपदफा ३ संग सम्बन्धित)

सार्वजनिक सुनुवाईमा पालना गर्नुपर्ने आचारसंहिता

१. सहभागीहरुले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्ने छ ।
२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्ने छ ।
३. सहजकर्ताले संकेत गरेपछि मात्र आफ्नो नाम थर र ठेगाना सहित प्रश्न वा जिज्ञासा राख्नुपर्ने छ ।
४. सेवाग्राही सहभागी नागरिकहरु धेरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकोले बुँदागत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नुपर्ने र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुती रोक्नुपर्ने छ ।
५. आफुभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोर्‍याउन जरुरी हुने छैन ।
६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाईनेछ ।
७. सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाईने छैन ।
८. सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाई राख्न वा बोल्न पाईने छैन ।
९. सुनुवाईलाई बिथोल्ने प्रयास कतैबाट भएको पाईएमा सबै सहभागी मिलेर शालिनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।
१०. सुनुवाईलाई विषयान्तर हुनबाट रोक्न सबै सहभागी सचेत हुनुपर्ने छ ।

अनुसूची २ : सार्वजनिक सुनुवाई कार्यक्रमका फोटोहरु





















उदयपुरगढी गाउँ
SHOT ON OPPO
SHOT ON OPPO

अनुसूची ३ :

सार्वजनिक सुनुवाईमा प्रस्तुत गाउँपालिकाको दोश्रो चौमासिक प्रतिवेदन

उदयपुरगढी गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय,

उदयपुरगढी, उदयपुर

मितिः २०८० चैत्र २७ गते, मंगलबार

स्थानः गाउँपालिकाको कार्यालय परिसर

प्रस्तुतकर्ता
गुणराज श्रेष्ठ
अधिकृत छैठौ

आ.व. २०८०/८१ को दोस्रो चौमासिकको आन्तरिक राजश्व

क्र.स.	राजश्व संकलन गर्ने कार्यालय	संकलित रकम रु.
१	उदयपुरगढी गाउँपालिका	२५७२४१६.४५
२	१ नं वडा कार्यालय, उदयपुरगढी	३०८७२९.८०
३	२ नं वडा कार्यालय, उदयपुरगढी	३०१०९४.००
४	३ नं वडा कार्यालय, उदयपुरगढी	२५२९६४.१३
५	४ नं वडा कार्यालय, उदयपुरगढी	१५७२०५.१०
६	५ नं वडा कार्यालय, उदयपुरगढी	३७६१२२.९५
७	६ नं वडा कार्यालय, उदयपुरगढी	८५१४५६.२०
८	७ नं वडा कार्यालय, उदयपुरगढी	३४९५६५.५३
९	८ नं वडा कार्यालय, उदयपुरगढी	२३१९२५.५०
	जम्मा	५४०२०९९.२४

हालसम्म सम्पन्न भएका कार्य

- उन्नत मकैको बिउमा ८०% अनुदान
- च्याउ खेति विस्तार तथा प्रवर्धन कार्यक्रम
- तरकारी विस्तार तथा प्रवर्धन कार्यक्रम
- कृषि यन्त्र, औजार, उपकरणमा ५०% अनुदान कार्यक्रम (पावर टिलर, मिनि टिलर)
- कृषि यन्त्र, औजार, उपकरणमा ५०% अनुदान कार्यक्रम (कर्ण एलर, रिपर, कोदोको थ्रेसर, ब्रस कटर)
- यूवा लक्षित व्यवसायिक तरकारी खेती अनुदान सहयोग
- साना सिंचाई विशेष कार्यक्रम
- महिला, दलित, विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम समुहगत
- प्रस्तावनामा आधारीत कृषि व्यवसाय प्रवर्धन सहयोग कार्यक्रम
- भकारो सुधार कार्यक्रम
- एफ.एम. रेडियो, पत्रपत्रिका, मार्फत कृषि सूचना प्रकाशन कार्यक्रम

आ.व. २०८०/८१ को दोस्रो चौमासिकको आय र व्ययको विवरण

शीर्षक	प्रस्तावित आय (रु. हजारमा)	वास्तविक आय (रु. हजारमा)	व्यय (रु हजारमा)
क्षमीकृत समानीकरण तर्फ	१८७७००	१११३३४	६९८८
संघीय सशर्त तर्फ	३०२९००	१९५६०३	११४७४८
विशेष अनुदान (पुँजीगत)	६५००	१६२४	४८५
समानीकरण (पुँजीगत)	१०००	०	०
प्रदेश समानीकरण तर्फ	९५७९	७१८४	२३१८
प्रदेश सशर्त अनुदान तर्फ	१४०२६	५०१६	१२०८
प्रदेश समपूरक अनुदान तर्फ	७०००	२३१०	०
राजश्व बाँडफाँड तर्फ	१२३०२२	५४३८२	४५५७२
आन्तरिक स्रोत तर्फ	५१५४४	४५३५७	२४४२५
जम्मा रु.	६६४२७१	४२३००२	२२८७४४

आ.व. २०८०/८१ को विषयगत क्षेत्रको दोस्रो चौमासिक प्रगती प्रतिवेदन

अ)आर्थिक विकासः- पशु पन्छी विकास शाखाः-

आ.व. २०८०/८१ को दोस्रो चौमासिकको पशुपंक्षी विकास शाखा तर्फको प्रगती प्रतिवेदन

योजना तर्फ

क.समानिकरण तर्फ

➢ सूचना प्रकाशन (२०८०-०४-३२)

प्रस्ताव मूल्यांकन तथा छनौट समिति (२०८०-०७-२४)





आ.व. २०८०/८१ को दोस्रो चौमासिकको क्षेत्रगत अवस्था

शीर्षक	विनियोजन रकम (हजारमा)	खर्च (रु. हजारमा)	खर्च प्रतिशतमा
आर्थिक विकास तर्फ	५६८५१	१९८२९	२०.८३
सामाजिक विकास तर्फ	२८९६९०	११२३३९	३८.७८
पूर्वाधार विकास तर्फ	१५४९५१	४१२१६	२६.६
सुशासन संस्थागत विकास तर्फ	८२५३	३१९५	३८.७२
कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ	१४२३४६	६०१५४	४२.२६
जम्मा रु.	६५२०९४	२२८७४३	३३.४३

अ)आर्थिक विकासः- कृषि विकास शाखाः-

सम्पन्न भएका कामहरु

- साना कृषि मेशिनरी औजार वितरण :-

५०% अनुदानमा ६ समूह / फर्महरुलाई साना कृषि मेशिनरी औजार वितरण (मिनि थ्रेसर, रिपर, कम्बाईन मिल, विहर, मिनि टिलर आदि)

- साना कृषि मेशिनरी औजार वितरण :-

५०% अनुदानमा तरकारी बारी प्रवर्धन कार्यक्रम अन्तर्गत ७ समूह / फर्महरुलाई साना कृषि मेशिनरी औजार वितरण (मिनि टिलर, पावर स्प्रेयर, इयाङ बनाउने मेशिन आदि)

- साना सिंचाई प्रवर्धन कार्यक्रम :-


५ कृषक समूह / फर्महरुलाई साना सिंचाई प्रवर्धन कार्यक्रम अन्तर्गत सहयोग वितरण

वितिय खर्च प्रगति : २२.५५ %

ख. प्रदेश तथा संघिय सशर्त तर्फको योजना

- सूचना प्रकाशन





उपचार सेवा तर्फ

क्र.सं.	विवरण		महिला	पुरुष	बालबालिका	जम्मा	दलित	जनजाती	मधेशी	अन्य
१	परिवार नियन्त्रण	पहिलो	५०	३५	१३००	५०३	५	१७५८	०	३७०१
		दोश्रो	११५	७३	१८६०	२७३	३	२२५८	०	४१८४
२	बन्ध्याकरण	पहिलो	२२	०	७१	२८	०	०	०	१२१
		दोश्रो	१८	०	७१	२८	०	०	०	१३१
३	रोग उपचार	पहिलो	९६	२०	१८९	१५	३	१५३	०	४७६
		दोश्रो	६०	१९	१२०	९	०	१०९	०	३१७
४	माईनर शर्जिकल	पहिलो	१०	३	१८	१४	०	०	०	४५
		दोश्रो	७	२	७४	१३	०	०	०	४१
५	माईनोलोजिकल उपचार	पहिलो	१५	४	२३	३	०	०	०	४५
		दोश्रो	८	२	१९	३	०	०	०	३२
६	रेडिज ट्याक्सिन	पहिलो	०	०	१६	३	२३०	०	०	२४९
		दोश्रो	०	०	०	०	०	०	०	०
७	कृत्रिम गर्भाधान	पहिलो	११	७	०	०	०	०	०	१८
		दोश्रो	९	५	०	०	०	०	०	१४

आ)सामाजिक विकास:- शिक्षा युवा तथा खेलकुद शाखा:-

- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम

यस अन्तगत भवन, ICT, पुस्तकालय, लगायतका कार्यक्रमहरु विध्यालयबाट आएका मागका आधारमा प्राथमिकीकरण गरी सम्बन्धित निकायमा पेश गरेको

- विज्ञान प्रयोगशाला, ICT, पुस्तकालयको छनौट भएका विध्यालायाहरुसँग सम्झौता भई काम अगाडि बढेको
- निम्न माध्यमिक तहको शिक्षक पदस्थापन
- शैक्षिक क्यालेन्डर सम्बन्धी कार्य
- तलवभत्ता लगायत सम्पूर्ण निकासहरु गरेको
- कार्यालयका नियमित कार्यहरु गरेको

समग्रमा

- घरपुरी सर्वेक्षण कार्यक्रम गरी ४९ वटा ए.बी. फारम संकलन गरी वडा नं ८ मा २ समूह गठन।
- वडा नं ८ मा २ उधमशिलता विकास तालिम संचालन गरी १ व्यावसायिक योजना तयार।
- स्तरोन्नतिका लागि पुराना उधमीको आवश्यकता पहिचान तथा विश्लेषण गरिको।
- ६५ उधमीहरुलाई व्यवसायिक परामर्श दिईको।
- नर्सा तर्फ (वडा नं ८): दालमोट पुजिया / झाईभिङ्ग / बाँसको मुढा / सिलाई कटाई तालिम संचालन सम्पन्न।
- नर्सा प्रविधि हस्तान्तरण दालमोठ उधमीलाई गरिएको।
- स्तरोन्नति तर्फ (वडा नं २,५,७): चप्पल / ढाका तालिम सम्पन्न

आ)सामाजिक विकास:- स्वास्थ्य सेवा शाखा:-

- अनुगमन तथा मूल्यांकन – आमा सुरक्षा र प्रजनन स्वास्थ्य कार्यक्रमहरुको, स्वास्थ्य चौकीको न्युनतम मापदण्ड सम्बन्धी कार्यक्रमको फलोअप तथा अनुगमन र मूल्यांकन
- खोप सम्बन्धी – नियमित खोप सुदीकिरण, दादुरा रुबेला खोप अभियान २०८०-०८१, कोभिड १९ खोप अभियान तथा दुस्टर खोप संचालन एवं व्यवस्थापन कार्यक्रम सम्पन्न गरिएको
- घरपुरी सर्वेक्षण - नियमित खोप छुट भएका बच्चाहरुको पहिचानको लागि वडाहरुमा घरपुरी कार्यक्रम सम्पन्न
- स्वास्थ्य शिविर – प्रजनन स्वास्थ्य सम्बन्धी १ दिने निःशुल्क स्वास्थ्य शिविर कार्यक्रम सम्पन्न
- समिक्षा कार्यक्रम – प्रथम चौमासिक झयरोग विशमीहरुको कोहर्ट विश्लेषण तथा समिक्षा कार्यक्रम
- मासिक बैठक – अन्तरपालिका मासिक बैठक कार्यक्रमहरु संचालन
- संचालित कार्यक्रमहरु – विश्व झयरोग दिवस कार्यक्रम, स्थानीय तहमा मातृ तथा पेरिनिटल मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रम, ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम, मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा र गर्भवति उत्प्रेरणा सेवा, राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस कार्यक्रम

आ) सामाजिक विकास:- उद्यम विकास तर्फ:-


यस उदयपुरगढी गाउँपालिकामा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम- अन्तर्गतको २०८०/८१ को आर्थिक वर्षको दोस्रो चौमासिकको प्रगति

क्रियाकलाप	लक्षित क्रियाकलाप संख्या	लाभान्वित संख्या	प्रगति अनुपात	रोस्टर चौमासिकमा	कैफियत
घरपुरी सर्वेक्षण	२ वटा	४९ जना	०	१८ जना	
उधमशिलता तालिम	२ वटा	३६ जना	२ जना	१५ जना	१ वटा थरुहट सँग सहकार्यमा संचालित
सिप तालिम	३१ जना	२८ जना	३ जना	२८ जना	१ वटा थरुहट सँग सहकार्यमा संचालित
प्रविधि हस्तान्तरण	१५ जना	१० जना	५ जना	१० जना	
लघु कार्यमा पहुँच	१ वटा	०	०	०	
बजारीकरण सेवा	१ वटा	०	०	०	
साझा सुविधा केन्द्र	१ वटा	०	०	०	

तालिमका केहि झलक




आ.व. २०८०/८१ को दोस्रो चौमासिकको कार्यक्रमको केही तस्विरहरु:-




स्तरोन्नति तर्फ

तालिमका	लक्षित क्रियाकलाप संख्या	लाभान्वित संख्या	प्रगति अनुपात तथा क्रियाकलाप	रोस्टर चौमासिकमा परेको	कैफियत
सिप तालिम	२० जना	२१	काम हुने		२ जना बढी भएको
प्रविधि हस्तान्तरण	२ समूह	२	काम हुने		

उद्यम विकास क्षेत्र अन्तर्गत भएका कार्यहरुको केही झलकहरु:-






आ)सामाजिक विकास:- सामाजिक सुरक्षा तथा प्रव्रजिकरण शाखा

सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा अन्तर्गत दोस्रो चौमासिक प्रगती प्रतिवेदन विवरण आ.व. २०८०।०८१ वित्तिय प्रगति - ८६.८१%


क्र.सं	विवरण	बजेट रु	खर्च रु	प्रगति %	कैफियत
	जम्मा	९,००।	७.८१	९.१८	८८.८१ % खर्च
१	अन्य विविध खर्च अन्तर्गत,सामाजिक सुरक्षा तथा घटना दर्ता सम्बन्धी विभिन्न बैठकको विधायन समायोजनको खर्च कार्यक्रम	५५	०	३	१	५५	व्यवस्थित कोषी
२	ज.आई.एस अपरेटर र भिज सहायक परिमार्जित,साउनदेखी पौसक खर्च	८.३५	८.०१	० महिना	०	९१	गरेको।
३	ज.आई.एस अपरेटर र भिज सहायकको दैनिक भ्रमण भत्ता ,यातायात ईन्धन खर्च	७	५	आवश्यक खटा अनुसार	०		गरेको।
	व्यवस्थापन तथा प्रशासन खर्च	७	५		०	११	



सामाजिक सुरक्षा भत्ता लैङ्गिक विभेद विना वितरण गरिनुका साथसाथमा EFT मार्फत प्रभुर्ण लाभग्राहीहरुको खातामा जम्मा हुनेछ यसै उक्त कार्यको तयारि गराएर रुपमा तथ्याङ्क प्रशोधन, सुधीकरण र तथ्याङ्का लगा विभिन्न मार्फत अनलाईन मार्फत भईरहेको छ।




•व्यक्तिगत घटना दर्ता सम्बन्धि संक्षिप्त विवरण :-



सम्पादित मुख्य कृयाकलापहरु :-


•सामाजिक सुरक्षा भत्ता पहिलो त्रैमासिक किस्ता निकाशा तथा वितरण :-

क्र.सं	लक्षित वर्ग	जम्मा संख्या	दर	महिना संख्या	निकाशा रकम	वितरण संख्या	खर्च रकम	बाँकी तथा फिर्ता रकम	कैफियत
	निकाशा विवरण						खर्च विवरण		
१	अन्य जेष्ठ नागरिक ७० वर्ष	१७३१	४०००	३	२०५३७२२	१७२५	२०५८४७०	७९८२	
२	जेष्ठ नागरिक भत्ता (दलित)	२३८	२८६०	३	१७९८१६०	२३८	१७९८१६०	०	
३	जेष्ठ नागरिक एकल महिला	२११	२८६०	३	१८८३७८०	२११	१८८३७८०	०	
४	विधवा	३८१	२८६०	३	२७७८२०	३८०	२७९८४०	७८०	
५	पूर्ण अपाङ्गता क भर्ती	६९	३९९०	३	८२७९३०	६९	८२७९३०	०	
६	आंशिक अपाङ्गता ख भर्ती	३३८	२१३८	३	१९१७४५४	३३८	१९१७४५४	०	
७	दलित बालबालिका	३०३	५३२	३	४८८७९९	२८८	४४८७०९	१८१२४	
	जम्मा	३१६१			२९९३३५७१	३१३८	२९८२७६४६	१०५९२९	



•सामाजिक सूरक्षा भत्ता (आ.व.२०८०।०८१)को नवीकरण सम्बन्धि विवरण :-


क्र.सं.	अन्य जेष्ठ नागरिक भत्ता संख्या		जेष्ठ नागरिक भत्ता (दलित) संख्या		जेष्ठ नागरिक एकल महिला संख्या		विधवा संख्या		पूर्ण अपाङ्गता भत्ता संख्या		अति अशक्त अपाङ्गता भत्ता संख्या		दलित बालबालिका संख्या		नविकरण आवश्यक भएको	नविकरण बाँकी भएको
	भए को	बाँकि	भए को	बाँकी	भएको	बाँकी	भए को	बाँकी	भए को	बाँकी	भए को	बाँकी	भए को	बाँकी		
१	४३२	४	५७	१	२२	०	४५	०	१२	०	२४	०	४४	१८	४७३	२३
२	१३१	१	१२	०	२३	-१	३७	१	७	०	३२	१	१५	१	३७०	८
३	१७९	७	१५	०	१७	०	३१	०	६	०	१३	१	१७	२	२७८	१०
४	१७९	७	५	०	२१	१	३०	२	४	०	२०	१	१५	४	२७४	१५
५	२७७	१२	४०	१	२१	४	४४	१	९	०	३६	०	४६	१३	४४३	३१
६	३६१	४	३६	१	३७	१	७३	३	७	०	५३	०	६८	१८	१७५	२७
७	२७७	१५	३७	६	४४	२	७२	६	११	०	३३	४	४९	४३	१२३	७६
८	२३४	७	२२	०	२४	१	३७	०	१५	०	३३	१	३४	५	३८९	१४
जम्मा	१७१०	६१	२२१	९	२०९	९	३६९	१३	७१	०	२३४	८	२७८	१४४	३,०९३	२०४



आ) सामाजिक विकास:- सहकारी शाखा तर्फ:-


• कोपोमिस सम्बन्धी कार्यक्रम सञ्चालन बजेट जम्मा रु. ३००००० रहेको खर्च नभएको कार्यक्रम हुने तयारीमा रहेको।

क्र.सं	कुल सहकारी संख्या	कुल सदस्य संख्या			कुल शेयर पुँजी	कुल बचत संकलन	कुल ऋण लगानी	अनुत्पादक लगानीको अवस्था	कैफियत
		महिला	पुरुष	जम्मा					
१	२४	२७७२	१०१०	३७८२	२१८६५८ ००	८१०४८० ९२	१५०००३३ ८५	११	




सामाजिक सुरक्षा भत्ता दोश्रो त्रैमासिक किस्ता निकाशा तथा वितरण :-

क्र.सं	लक्षित वर्ग	जम्मा संख्या	दर	महिना संख्या	निकाशा रकम	वितरण संख्या	खर्च रकम	बाँकी भएका तथा फिर्ता रकम	%
	निकाशा विवरण					वितरण विवरण			
१	अन्य जेष्ठ नागरिक ७० वर्ष	१७३१	४०००	३	२०५३७२२	१७२५	२०५८४७०		
२	जेष्ठ नागरिक भत्ता (दलित)	२३८	२८६०	३	१७९८१६०	२३८	१७९८१६०		
३	जेष्ठ नागरिक एकल महिला	२११	२८६०	३	१८८३७८०	२११	१८८३७८०		
४	विधवा	३८१	२८६०	३	२७७८२०	३८०	२७९८४०		
५	पूर्ण अपाङ्गता क भर्ती	६९	३९९०	३	८२७९३०	६९	८२७९३०		
६	आंशिक अपाङ्गता ख भर्ती	३३८	२१३८	३	१९१७४५४	३३८	१९१७४५४		
७	दलित बालबालिका	३०३	५३२	३	४८८७९९	२८८	४४८७०९		
	जम्मा	३१६१			२९९३३५७१	३१३८	२९८२७६४६		



•हालसम्म सामाजिक सूरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको संख्यात्मक विवरणहरु :-



आ) सामाजिक विकास:- प्रधानमन्त्री रोजगार शाखा तर्फ:-

- १०० दिनको रोजगारी – ६९ जनालाई प्रदान गरिएको –
  वडा नं १- ८ जना, २- ५ जना, ३- १२ जना, ४- ११ जना, ५- १६ जना, ६- ६ जना, ७- ६ जना र ८- ५ जना
- श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम – वडा नं ६ , ७ , ८ मा सम्पन्न
- बेरोजगार सूचीकरण कार्य – आ.व. २०८०/०८१ को लागि लागत संकलन सम्पन्न
- पुनः श्रम स्वीकृति – २० जना
- राहदानीको अनलाईन फारम भर्ने कार्य – १५ जना सहजीकरण
- छात्रवृत्ति – वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्तिको लागि अनलाईन पोर्टलमा ३ जना को विवरण प्रविट र १ जनाको विवरण ईमेल मार्फत पठाईएको
- लाभग्राही परिचय-पत्र वितरण – सुचिकृत श्रमिकहरुलाई १ दिने अभिमुखीकरण गरी परिचय-पत्र वितरण गरी कामना लगाईएको

योजना सम्बन्धी कार्यहरु

- रोजगार सेवा केन्द्रद्वारा संचालित योजनाहरु :-
- नयाँ सडक निर्माण – ३ वटा, सडक मर्मत – ७ वटा, सिंचाई कुलो निर्माण – ३ वटा, कल्भर्ट निर्माण – २ वटा र सरसफाई – १ वटा (वस मध्ये २ योजनाहरुको भुकानी भई फफ्राक भइसकेको)
- साझेदारीमा संचालित योजनाहरु :-
- कृषि शाखासँग लागत साझेदारीमा – वडा नं ६ मा २ वटा कुलोमध्ये धप्पर सिंचाई कुलो निर्माण सम्पन्न, बुढाथोकिटार सिंचाईको काम भईरहेको
- वडा नं ५ सँगको लागत साझेदारीमा – छापाखोला कल्भर्ट निर्माण सम्पन्न (भुकानीको प्रक्रियामा रहेको) र लिपेखोला कल्भर्ट निर्माणाधिर रहेको
- वडा नं ८ संगको लागत साझेदारीमा – ८५ मिटर लामो आर.सि.सि. कुलो निर्माण र भुकानी सम्पन्न
- पारिश्रमिकमा आधारित रोजगारमूलक योजनाहरु – वडा नं १-२ वटा, २-१ वटा, २-२ वटा, ३-२ वटा, ४-१ वटा, ५-६ वटा, ६- २ वटा, ७-१ वटा र ८- १ वटा गरी जम्मा १६ वटा संचालनमा रहेको

वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ :-

आ.व. २०८०/८१ मा दोस्रो चौमासिक सम्मको वन वातावरण तथा विपद् तर्फको प्रगती प्रतिवेदन

राहत वितरण

क्र.स.	वडा नं.	मृत्यु भए पछि परिवारले पाएको घर मुल्याङ्कन	शारीरीक क्षती, विकलाङ्ग भएकालाई दिइएको रकम	
१.	वडा नं १	---	---	
२.	वडा नं २	---	---	
३.	वडा नं. ३	२	१	
४.	वडा नं. ४	१	१	
५.	वडा नं. ५	---	---	
६.	वडा नं. ६	१	---	
७.	वडा नं ७	---	१	
८.	वडा नं ८	१	---	

- बहु वर्षीय योजना गाउँपालिकाको प्रशासकीय भवन निर्माण उदयपुरगढी-५, सम्झौता भइ निर्माणाधीन अवस्थामा रहेको,

भौतिक प्रगती	वित्तीय प्रगती
५%	मोबिलाईजेसन


- कवई हल निर्माण, उदयपुरगढी गाउँपालिका-५, उदयपुर

भौतिक प्रगती	वित्तीय प्रगती
१००%	७५%

- नमुना माध्यमिक विद्यालय अन्तरगत नमुना माबि भलाडाडाको गाउँपालिकासँग सम्झौता भई विद्यालयले ठेक्का आह्वान गरी सम्झौता गरेको
- आ.व. २०८०/८१ मा पूर्वाधार तर्फ उपभोक्ता मार्फत सञ्चालन हुने योजना सम्झौता तथा भुकानीको संक्षेप


सङ्ख्या/रु.	१	२	३	४	५	६	७	८
सम्झौता	२६	१२	३०	१६	२२	२४	२७	१६
भुकानी	४२	८	९	५	१२	१०	९	६

योजनाहरुका केहि तस्विरहरु :



आगलागी सम्बन्धी १ दिने कृतिम अभ्यास कार्यक्रम

- पशुपति प्रसाद गण, पिपलातार म्यारेज, उदयपुरको सहकार्य र साहास नेपाल संगको साझेदारीमा संचालित कार्यक्रमका केहि झलक - २०८० चैत १२ गते, उदयपुरगढी – ६, नेपालटारमा संचालित



- संघीय विशेष अनुदान:-

चालु आ.व. राष्ट्रिय योजनबाट उपल्लो पिलेखोला खानेपानी आयोजना स्वीकृत भइ बप अनुदान रकम माग गरिएको,

नमुना माध्यमिक विद्यालयको भवन निर्माणका लागि राष्ट्रिय योजना आयोगमा योजना पोर्टलमार्फत पेस गरिएको।

- संघीय समपूरक अनुदान:-
- चालु आ.व. का लागि संघीय समपूरक अन्तरगत राष्ट्रिय योजना आयोगबाट नेपालटार-उदयपुरगढी दरबार मोटरबाटो स्तरोन्नती तथा कालोपत्रे आयोजना स्वीकृत भइ स्तरोन्नती कार्य भईरहेको र आगामी आ.व. को लागि बप अनुदान रकम माग गरिएको,
- प्रदेश समपूरक अनुदान:-
- चालु आ.व. आर्थिक मामिला तथा योजना मन्त्रालयमाबाट नेपालटार-उदयपुरगढी दरबार मोटरबाटो स्तरोन्नती तथा कालोपत्रे आयोजना स्वीकृत भएको ठेक्का मार्फत स्तरोन्नतीको कार्य भइरहेको,
- र आगामी आ.व. २०८१/८२ को लागि नेपालटार-उदयपुरगढी दरबार मोटरबाटो स्तरोन्नती तथा कालोपत्रे आयोजना बाटो स्तरोन्नतीका लागि योजना पोर्टलमा पेस गरिएको।

आ)सामाजिक विकास:- महिला तथा बालबालिका शाखा तर्फ:-

उदयपुरगढी गाँउपालिका महिला तथा बालबालिका शाखाको आ.व.२०८०/०८१ को दोस्रो चौमासिक प्रगति

- परिचय पत्र वितरण कार्यक्रम : अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय-पत्र वितरण
- १६ दिने अभियान कार्यक्रम : लैङ्गिक विरुद्धको १६ दिने अभियान कार्यक्रम संचालन
- औषधी उपचार खर्च : मृगौला प्रत्यारोपण गरी डायलासिस गरिएकहेको क्यान्सर रोगी र मेरिदंया पक्षपातका विरामीहरुको विवरण संकलन गरी औषधी उपचार खर्च उपलब्ध गराउन पहल
- अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा दिवसीय कार्यक्रम संचालन
- प्रजनन स्वास्थ्य र लैंगिक हिंसा न्यूनीकरण सम्बन्धी तालिम संचालन गरी बालक्लब गठन
- अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको समन्वय र सहजीकरण गरी संचालन गरिरहेको

आ)पूर्वाधार विकास:-

आ.व. २०८०/८१ को गाउँसभाबाट स्विकृत वार्षिक कार्यक्रम अनुसार पूर्वाधार विकास तर्फ सञ्चालित दोस्रो चौमासिक प्रगति प्रतिवेदन

- बहु वर्षीय योजना कवई हल निर्माण उदयपुरगढी-९, नेपालटार निर्माणाधीन अवस्थामा रहेको,

भौतिक प्रगती	वित्तीय प्रगती
५५%	४०%

- तावात्री स्वास्थ्यचौकी बहु वर्षीय योजना ठेक्का सम्झौता भई योजना सञ्चालनमा रहेको,

भौतिक प्रगती	वित्तीय प्रगती
४०%	मोबिलाईजेसन

- १५ शैयाको हस्पिटल उदयपुरगढी-५, निर्माण कार्य थैरहेको


भौतिक प्रगती	वित्तीय प्रगती
५०%	३५%

- E -BID HARD BID र कोटेसनबाट संचालित योजनाहरु


सहभागिता सम्झौता	सम्पन्न भएका संख्या
१५	१६

अघिल्लो चौमासिकमा सम्झौता भई यस चौमासिकमा भुकानी समेत गरी

- चालु आ.व. आर्थिक मामिला तथा योजना मन्त्रालयमाबाट नेपालटार-उदयपुरगढी दरबार मोटरबाटो स्तरोन्नती तथा कालोपत्रे आयोजना स्वीकृत भएको ठेक्का मार्फत स्तरोन्नतीको कार्य भइरहेको,



- आगामी आ.व.मा नेपालटार-उदयपुरगढी दरबार मोटरबाटो स्तरोन्नती तथा कालोपत्रे आयोजना बाटो स्तरोन्नतीका लागि योजना पोर्टलमा पेस गरिएको।



पूर्वाधार विकास अन्तर्गत भएका कार्यहरुको केही झलकहरु:-



१५ सैयाको हस्पिटल निर्माणाधीन अवस्था



तायात्री स्वास्थ्य भवन निर्माणाधीन अवस्था



कवई हल वडा नं. ६, नेपालटार निर्माणको अन्तिम चरण



कवई हल वडा नं. ५, निर्माणको अन्तिम चरण

सुझाव एवं जिज्ञासाको लागि
उदयपुरगढी गाँउपालिकाको कार्यालयको आधिकारिक इमेल
udayapurgadhirm@gmail.com
मा सम्पर्क राख्नुहुन अनुरोध छ।

धन्यवाद !



निर्माणाधीन प्रशासनिक भवनको अवस्था



आ.वि. रेतिमा ट्रस पुल, वडा नं. ३

अन्य योजनाको फोटोहरु:-



सूचना प्रविधि शाखा

- गाउँपालिका महासंघ सँग सम्बन्धित कार्य र सहकार्य
- MOFAGA पोर्टल, WEBSITE संचालन र अध्यावधिक
- PIS सम्बन्धी कार्यको प्रारम्भ
- कर्मचारी परिचय-पत्र वितरण
- गाउँपालिकाको DIGITAL PROFILE सम्बन्धी कार्यमा सहकार्य
- विभिन्न मन्त्रालयहरु, विभागहरु लगायतका सरकारी कार्यालयहरु सँग सूचनाहरुको आदान प्रदान
- पालिका भित्रका शाखा तथा वडा कार्यालयहरु सँग सुचना प्रवाह
- पालिकाको फेसबुक आई.डी. UDAYAPURGADHI GAUPALIKA बनाई संचालन

अनुसूची ४ :

नागरीक प्रतिवेदन पत्रको दोश्रो चौमासिक प्रतिवेदन

उदयपुरगढी गाउँपालिका

आर्थिक वर्ष २०८०/०८१ को दोश्रो चौमासिक अवधिको

सार्वजनिक सुनुवाईका लागि

नागरिक प्रतिवेदन पत्रको प्रतिवेदन

(CRC Report)

विवरण संकलन
नमित शाह, चण्डेश्वर शेष्ठ र केशव नेपाल

विश्लेषण र प्रस्तुति
नमित शाह


विवरण संकलन गरिएको मिति :

२०८० साल चैत्र १९ गते देखि २२ गते सम्म

विवरण संकलन गरिएको स्थान :


उदयपुरगढी गाउँपालिकाको
वडा नं. १, २, ३, ४, ५, ६, ७, ८ को वडा कार्यालयहरु र
गाउँपालिकाको कार्यालय

उत्तरदाताहरुको वडागत विवरण




जम्मा उत्तरदाता संख्या : ७१ जना

उत्तरदाताहरुको लैंगिक विवरण




जम्मा उत्तरदाता संख्या : ७१ जना

उत्तरदाताहरुको जातिगत विवरण




जम्मा उत्तरदाता संख्या : ७१ जना

उत्तरदाताहरुको उमेरगत विवरण




जम्मा उत्तरदाता संख्या : ७१ जना

उत्तरदाताहरुको शैक्षिक विवरण



जम्मा उत्तरदाता संख्या : ७१ जना

उत्तरदाताहरुको पेशागत विवरण




जम्मा उत्तरदाता संख्या : ७१ जना

---

१. सेवाको सन्तुष्टी

१.१ तपाईंले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टी पाउनु भयो ?



जम्मा उत्तरदाता संख्या : ७१ जना

१. सेवाको सन्तुष्टी


१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाईं कतिको सन्तुष्ट हुनुहुन्छ ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

२. सेवाको नियमितता


२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईंले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कतिको सन्तुष्ट हुनुहुन्छ ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

२. सेवाको नियमितता


२.२ कार्यालय नियमित रुपमा(पदाधिकारी र कर्मचारीको उपस्थिति, समयको पालना, कार्यतुस्तता) संचालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

२. सेवाको नियमितता


२.३ तपाईंले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

२. सेवाको नियमितता


२.४ यस कार्यालयले सार्वजनिक घासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

३. सेवा प्रतिको जनविश्वास


३.१ यस संस्थाले दिने सेवा प्रति तपाईं कतिको विश्वस्त हुनुहुन्छ ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

३. सेवा प्रतिको जनविश्वास


३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अद्यलाई जानकारी तथा कतिको प्रचार गर्नु भएको छ ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

३. सेवा प्रतिको जनविश्वास


३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईंको विश्वास कतिको छ ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

३. सेवा प्रतिको जनविश्वास


३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाह पाउनु भएको छ ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

४. सेवाको गुणस्तर


४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कतिक सन्तुष्ट हुनुहुन्छ ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

४. सेवाको गुणस्तर


४.२ तपाईं यस कार्यालयमा आउँदा कसको सहयोग लिनु भयो ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

४. सेवाको गुणस्तर


४.३ यस कार्यालयमा तपाईंले एउटा कामको लागि कति पटक धाउनु परयो ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

५. सेवा सम्बन्धि जानकारी


५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

५. सेवा सम्बन्धि जानकारी


५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईंलाइ जानकारी छ ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

५. सेवा सम्बन्धि जानकारी


५.३ कार्यालय र सेवाग्राही बिचको सम्बन्ध कस्तो छ ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

५. सेवा सम्बन्धि जानकारी


५.४ पालिका तहमा संचालन गरिने सार्वजनिक कार्यक्रममा सिमान्त वर्गको उपस्थिति कति प्रतिशत सम्म हुने गरेको छ ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

५. सेवा सम्बन्धि जानकारी


५.५ सभाबाट कानून बनाउदा र कार्यपालिकामा नीति,नियम,निर्देशिका र मापदण्ड तर्जुमा गर्दा छलफलमा प्रतिनिधित्व भएको छ ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

६. नागरिक बडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्बन्धमा


६.१ तपाईंको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

६. नागरिक बडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्बन्धमा


६.२ तपाईंको विचारमा गाउँपालिका वा यसका सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

६. नागरिक बडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी र सम्बन्धमा

६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?




जम्मा उत्तरदाता संख्या : ५१ जना

प्रश्नावली भाग-२

१. सिफारिस सम्बन्धी


१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

१. सिफारिस सम्बन्धी


१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु परयो ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

१. सिफारिस सम्बन्धी


१.३ त्याहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

१. सिफारिस सम्बन्धी


१.४ राजश्व को-कर्सेंग उठाउने गर्दछन ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

१. सिफारिस सम्बन्धी


१.५ शुल्क, सेवा दस्तुर को-कर्सेंग उठाउने गर्दछन ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

२.पूर्वाधार विकास, वातावरण र सरसफाइ सम्बन्धी


२.१ कार्यालयमा सरसफाइको अवस्था कस्तो छ ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

२.पूर्वाधार विकास, वातावरण र सरसफाइ सम्बन्धी


२.२ कार्यालयमा सेवा प्रवाह र कार्यसम्पादन सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कतिको गरिन्छ ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

२.पूर्वाधार विकास, वातावरण र सरसफाइ सम्बन्धी


२.३ तपाईंको विचारमा गाउँपालिकाले पूर्वाधार सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

२.पूर्वाधार विकास, वातावरण र सरसफाइ सम्बन्धी


२.४ तपाईंको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

२.पूर्वाधार विकास, वातावरण र सरसफाइ सम्बन्धी


२.५ तपाईंको पालिकामा संचालन गरेका आयोजनाहरु कतिका प्रभावकारी छन् ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

२.पूर्वाधार विकास, वातावरण र सरसफाइ सम्बन्धी


२.६ स्थानीय सरकारमा आयोजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

२.पूर्वाधार विकास, वातावरण र सरसफाइ सम्बन्धी


२.७ गाउँपालिकाको आयोजना सम्पन्न भएपछि जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

२.पूर्वाधार विकास, वातावरण र सरसफाइ सम्बन्धी


२.८ आयोजना संचालन गर्दा गाउँपालिकाबाट प्राविधिक सहयोग कतिको पाउनु भयो ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

२.पूर्वाधार विकास, वातावरण र सरसफाइ सम्बन्धी


२.९ गाउँपालिकामा विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनुहुन्छ ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

२.पूर्वाधार विकास, वातावरण र सरसफाइ सम्बन्धी


२.१० गाउँपालिकाबाट आचारसंहिता पालना भएको छ ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

२.पूर्वाधार विकास, वातावरण र सरसफाइ सम्बन्धी

२.११ आयोजना संघालन गर्दा गाउँपालिकाबाट कतिको सहयोग पाउनु भएको छ ?




□धेरै सहयोग पाएको छु ■ठिकै सहयोग पाएको छु □सिफारिस गरिएन

जम्मा उत्तरदाता संख्या : ५१ जना

३. गाउँपालिकाको वित्तीय व्यवस्थापन र कार्यसम्पादन

३.१ आर्थिक श्रोत कस्तो छ ?




□आवश्यक श्रोत उपलब्ध ■कम श्रोत उपलब्ध □अति कम श्रोत उपलब्ध

जम्मा उत्तरदाता संख्या : ५१ जना

३. गाउँपालिकाको वित्तीय व्यवस्थापन र कार्यसम्पादन

३.२ कामगर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?




□अति सरल ■ठिक □जटिल

जम्मा उत्तरदाता संख्या : ५१ जना

३. गाउँपालिकाको वित्तीय व्यवस्थापन र कार्यसम्पादन

३.३ कार्यालयमा भएका कर्मचारीमा वित व्यवस्थापन र परिचालन सीप कस्तो छ ?




□आवश्यक सीप छ ■आवश्यकता भन्दा कम छ □सीप निकै कम छ

जम्मा उत्तरदाता संख्या : ५१ जना

३. गाउँपालिकाको वित्तीय व्यवस्थापन र कार्यसम्पादन

३.४ गाउँपालिकाको आम्दानी र खर्च कार्यालय बाहिर सुचना पार्टीमा टाँसेको देख्नु भयो ?




□टाँसेको देखेको छु ■कहिलेकाहीं टाँसेको देखिन्छ □हँ कहिं देखिएन

जम्मा उत्तरदाता संख्या : ५१ जना

३. गाउँपालिकाको वित्तीय व्यवस्थापन र कार्यसम्पादन

३.५ कार्य सम्पन्नको आधारमा मुल्यांकन भएको छ कि छैन ?




□छ ■ठिकै मुल्यांकन गरेको छ □कहिले पनि भएको पाइा छैन

जम्मा उत्तरदाता संख्या : ५१ जना

३. गाउँपालिकाको वित्तीय व्यवस्थापन र कार्यसम्पादन

३.६ कार्य संचालन संरचना प्रति कतिको सन्तुष्ट हुनुहुन्छ ?




□सन्तुष्ट ■ठिकै □कुनै जानकारी छैन

जम्मा उत्तरदाता संख्या : ५१ जना

४. पारदर्शिता सम्बन्धी

४.१ यस गाउँपालिकाको बार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?




□धेरै जानकारी पाएको छु ■ठिकै जानकारी पाएको छु □कम जानकारी पाएको छु

जम्मा उत्तरदाता संख्या : ५१ जना

४. पारदर्शिता सम्बन्धी

४.२ गाउँपालिकाले निर्माण गरेका ऐन, नियम, नीति,, निर्णय, बजेट, कार्यक्रम, कार्यप्रगति आदि सम्बन्धी विवरण सार्वजनिक हुने गर्दछ ?




□हुने गरेको छ ■हुने हरेको छैन □जानकारी मै छैन

जम्मा उत्तरदाता संख्या : ५१ जना

४. पारदर्शिता सम्बन्धी


४.३ सार्वजनिक हुने माध्यम के के हुन् ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

४. पारदर्शिता सम्बन्धी

४.४ गाउँपालिकाको कार्यालयबाट तपाईँले चाहेको विवरण पाउनु भएको छ ?



जम्मा उत्तरदाता संख्या : ५१ जना

धन्यवाद !

अनुसूची ५ :
बहिर्गमन अभिमत पत्रको दोश्रो चौमासिक प्रतिवेदन

उदयपुरगढी गाउँपालिका

आर्थिक बर्ष २०८०/०८१ को दोश्रो चौमासिकको

सार्वजनिक सुनुवाईका लागि

वहिर्गमन अभिमत प्रतिवेदन

(Exit Poll Report)

विवरण संकलन
ललित शाह, चण्डेश्वर श्रेष्ठ र केशव नेपाल

विश्लेषण र प्रस्तुति
ललित शाह

विवरण संकलन गरिएको मिति :


२०८० साल चैत्र १९ गते देखि २२ गते सम्म

विवरण संकलन गरिएको स्थान :

उदयपुरगढी गाउँपालिकाको


वडा नं. १, २, ३, ४, ५, ६, ७, ८ को वडा कार्यालयहरु र गाउँपालिकाको कार्यालय

उत्तरदाताहरुको वडागत विवरण




जम्मा उत्तरदाता संख्या : ५० जना

उत्तरदाताहरुको लैंगिक विवरण




जम्मा उत्तरदाता संख्या : ५० जना

उत्तरदाताहरुको जातिगत विवरण




जम्मा उत्तरदाता संख्या : ५० जना

उत्तरदाताहरुको उमेरगत विवरण



जम्मा उत्तरदाता संख्या : ५० जना


उत्तरदाताहरुको शैक्षिक विवरण



■साधारण ■आधारभूत ■एस.इ.इ. ■कक्षा १२ ■स्नातक वा सोभन्दा माथि

जम्मा उत्तरदाता संख्या : ५० जना


कार्यालयसम्म आइपुग्न लागेको समय



■१५ मिनेट सम्म ■१६ मि. देखि ३० मि. सम्म
■३१ मि. देखि १ घण्टा ■१ घण्टा भन्दा बढी

जम्मा उत्तरदाता संख्या : ५० जना


कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ?



जम्मा उत्तरदाता संख्या : ५० जना

सेवा सुबिधा प्राप्ति सम्बन्धी तपाईँको मुल्यांकन कस्तो रहयो ?

१. सेवा लिन कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईँको धारणा के-कस्तो छ ?




■प्रथम चौमासिक ■दोश्रो चौमासिक

जम्मा उत्तरदाता संख्या : ५० जना

सेवा सुबिधा प्राप्ति सम्बन्धी तपाईँको मुल्यांकन कस्तो रहयो ?

२. सेवा प्रदायक कर्मचारीले तपाईँको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?




■प्रथम चौमासिक ■दोश्रो चौमासिक

जम्मा उत्तरदाता संख्या : ५० जना

सेवा सुबिधा प्राप्ति सम्बन्धी तपाईँको मुल्यांकन कस्तो रहयो ?

३. तपाईँ प्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?




■प्रथम चौमासिक ■दोश्रो चौमासिक

जम्मा उत्तरदाता संख्या : ५० जना

सेवा सुबिधा प्राप्ति सम्बन्धी तपाइँको मुल्यांकन कस्तो रहयो ?


४. सेवा प्राप्त गर्न आवश्यक सुचनाहरु(प्रमाण, कागजात र शुल्क आदी) बारे तपाइँलाइ सेवा प्रदायक कर्मचारीले स्पष्ट गरे कि ?



जम्मा उत्तरदाता संख्या : ५० जना

सेवा सुबिधा प्राप्ति सम्बन्धी तपाइँको मुल्यांकन कस्तो रहयो ?


५. तपाइँले राख्नु भएका समस्यालाइ के-कस्तो समाधान दिए ?



जम्मा उत्तरदाता संख्या : ५० जना

सेवा सुबिधा प्राप्ति सम्बन्धी तपाइँको मुल्यांकन कस्तो रहयो ?

६. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के-कस्तो लाग्यो ?



जम्मा उत्तरदाता संख्या : ५० जना

कुन-कुन पक्षहरु धेरै रामो लाग्यो ?


- जनप्रतिनिधि र कर्मचारीले सेवाग्राहीहरुलाई गर्ने व्यवहार रामो छ ।
- कर्मचारीहरु काममा सिपालु, दक्ष र अनुभवी रहेका छन् ।
- वडा कार्यालयको नयाँ भवन र व्यवस्थापन रामो लाग्यो ।
- आवश्यक कागजात पुगेपछि काम छिटो हुने गरेको छ ।
- वडा र गाउँपालिकाको सेवा सरल र सहज रहेको पाइयो ।
- सूचना पाटी र फोनबाट सूचना प्रवाह गर्ने गरेको रामो लाग्यो ।
- गाउँ गाउँमा बिजुली बत्ति र बाटोको सुबिधा पुगेकोमा रामो लाग्यो ।
- कृषकहरुलाई तालिम, बिउबिजन र मेशिन औजार वितरण गरेको रामो लाग्यो ।
- पशु स्वास्थ्य उपचार सेवा संचालन गरेको रामो लाग्यो ।
- खोप अभियान र स्वास्थ्य शिविर संचालन गरेको रामो लाग्यो ।
- खेलकुद र पर्यटनको विकासमा जोड दिएको रामो लाग्यो ।
- वडामै आएर सेवाग्राहीहरुको अभिमत संकलन गरेको रामो लाग्यो ।
- ऐलानी जग्गाहरुको टिवरण संकलन गरिएको रामो लाग्यो ।
- योजनाहरुको अनुगमन र रकम भुक्तानी प्रक्रिया रामो लाग्यो ।


कुन-कुन पक्षहरुलाइ सुधार गर्नुपर्ने देखियो ?


- कार्यालयमा नागरिक बडापत्र स्पष्टसंग देख्ने ठाउँमा राख्नु पर्ने ।
- कुनै पनि कार्यक्रमको सूचना समयमा नै दिनुपर्ने ।
- समयमै योजना सम्झौता गर्ने र सम्पन्न भैसकेपछि समयमै भुक्तानी दिनुपर्ने ।
- योजनाहरुको गुणस्तरको कडाइका साथ् अनुगमन गर्नुपर्ने ।
- केहि वडाहरुमा रहेको संचारको समस्या समाधान गर्नु पर्ने ।
- बांकी रहेको वडा कार्यालयहरुको नयाँ भवन बनाउनु पर्ने ।
- बजार क्षेत्रहरुको सरसफाई र सार्वजनिक शौचालयको व्यवस्था गर्नु पर्ने ।
- वडा अध्यक्ष र सचिवले वडा बाहिर भन्दा वडामा पर्याप्त समय दिनुपर्ने ।
- जनप्रतिनिधि र कर्मचारी कार्यालयमा नियमित बस्नु पर्ने ।
- वडामा पशु चिकित्सकको नियमित व्यवस्था हुनुपर्ने ।
- ऐलानी जग्गाको नापी र निस्सा वितरणको काँम छिटो गर्नु पर्ने ।
- अपांगता भएको व्यक्तिहरुलाई ह्वीलचेयर वितरण गर्नुपर्ने ।
- जन्मदर्ता अनलाइन गर्न र प्रतिलिपि लिन तोकिएको चर्को शुल्क घटाउनु पर्ने ।
- राजमार्ग देखि पालिका सदरमुकाम जोड्ने बाटो निर्माणको काँम छिटो गर्नुपर्ने ।
- अवलोकन भ्रमणहरु लक्षित वर्ग केन्द्रित र उद्देश्यमूलक हुनुपर्ने ।
- उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजनाको कार्यान्वयन र भुक्तानी प्रक्रिया बारे अभिमुखीकरण गर्नुपर्ने ।


तस्वीरहरु आफै बोल्छ ।












तस्वीरहरु आफै बोल्छ ।


तस्वीरहरु आफै बोल्छ ।



तस्वीरहरु आफै बोल्छ ।
स्तनपान कक्ष


तस्वीरहरु आफै बोल्छ ।



तस्वीरहरु आफै बोल्छ ।


तस्वीरहरु आफै बोल्छ ।


तस्वीरहरु आफै बोल्छ ।




तस्वीरहरु आफै बोल्छ ।




तस्वीरहरु आफै बोल्छ ।



तस्वीरहरु आफै बोल्छ ।




तस्वीरहरु आफै बोल्छ ।



तस्वीरहरु आफै बोल्छ ।




तस्वीरहरु आफै बोल्छ ।


तस्वीरहरु आफै बोल्छ ।


धन्यवाद ।
Thanks

अनुसूची ६ :

सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थितिको प्रतिलिपी